# CHHIMEK LAGHUBITTA BIKAS BANK LTD.

Head Office: Mid Baneshwor, Kathmandu-34
Phone/Fax No : 4490513, 4465785
E-mail: cbbltd@ntc.net.np

## Unaudited Financial Results (Quarterly)

As at end of First Quarter (30/06/2073) of the Fiscal Year 2073/2074 (2016/2017)

*Rs. in '000'*

| S. No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **13,646,687** | **12,624,243** | **10,240,148** |
| 1.1 | Paid-up Capital | 595,748 | 595,748 | 422,790 |
| 1.2 | Reserves and Surplus | 865,704 | 746,827 | 624,448 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 3,987,634 | 3,787,262 | 3,409,425 |
| 1.5 | Deposits (a+b) | 7,378,244 | 6,929,534 | 5,262,383 |
| | a. Domestic Currency | 7,378,244 | 6,929,534 | 5,262,383 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 2,765 | | - |
| 1.7 | Other Liabilities | 816,592 | 564,873 | 521,102 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **13,646,687** | **12,624,243** | **10,240,148** |
| 2.1 | Cash & Bank Balance | 2,797,099 | 2,674,935 | 1,761,111 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 9,438 | 7,438 | 82,900 |
| 2.4 | **Loans & Advances (a+b+c+d+e+f)** | **10,561,002** | **9,685,946** | **8,087,889** |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 10,561,002 | 9,685,946 | 8,087,889 |
| 2.5 | Fixed Assets | 154,896 | 142,925 | 128,181 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 124,252 | 112,998 | 180,067 |
| 3 | Profit and Loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous Year Quarter |
| 3.1 | Interest income | 515,540 | 1,750,495 | 411,365 |
| 3.2 | Interest Expense | 216,140 | 703,891 | 160,540 |
| | **A Net Interest Income (3.1-3.2)** | **299,400** | **1,046,604** | **250,825** |
| 3.3 | Fees Commission and Discount | 42,386 | 132,841 | 28,757 |
| 3.4 | Other Operating Income | 370 | 3,507 | 316 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B Total Operating Income (A+3.3+3.4+3.5)** | **342,156** | **1,182,952** | **279,897** |
| 3.6 | Staff Expenses | 107,055 | 326,030 | 75,318 |
| 3.7 | Other Operating Expenses | 27,456 | 83,553 | 34,150 |
| | **C Operating profit Before Provision (B-3.6-3.7)** | **207,646** | **773,369** | **170,429** |
| 3.8 | Provision for Possible Loss | 11,612 | 46,106 | 5,907 |
| | **D Operating profit (C-3.8)** | **196,034** | **727,263** | **164,522** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | 589 | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 2,993 | 22,642 | 1,106 |
| | **E Profit From Regular Activities (D+3.9+3.10)** | **199,026** | **750,494** | **165,629** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F Profit Before Bonus and Taxes (E+3.11)** | **199,026** | **750,494** | **165,629** |
| 3.12 | Provision For Staff Bonus | 18,093 | 68,227 | 15,057 |
| 3.13 | Provision For Tax | 54,280 | 209,587 | 45,171 |
| | **G Net Profit/Loss (F-3.12 -3.13)** | **126,653** | **472,681** | **105,400** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund to RWA | 13.73% | 13.70% | 12.85% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.08% | 0.10% | 0.02% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 141.96% | 492.51% | 29.53% |
| 4.4 | Cost of Funds | 7.83% | 7.52% | 7.70% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 121.21% | 124.19% | 131.64% |

*Note : If the statutory audit and supervisory authority notify any remarks to change the un-audited financial statement could change accordingly*

**INTEREST RATE**

| | |
|---|---|
| Deposit 5% - 16% | Loan and Advance 10% - 20% |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनूसुची १४

*(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)*

# आ.व. २०७३/७४ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

क. **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** :यस बैंकको प्रथम त्रैमासिक नाफा-नोक्सान तथा २०७३ आश्विन मसान्तसम्मको वासलात सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु :**

| | | | | |
|---|---|---|---|---|
| प्रति शेयर आम्दानी | : ८५.०४ | मूल्य आम्दानी अनुपात | : २२.१३% | प्रति शेयर नेटवर्थ : २४५.३१ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य | : २२९०.६८ | तरलता अनुपात | : २४.६१% | |

**२. व्यवस्थापकिय बिश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** त्रैमासिक अवधिमा यस बैंकको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरुप नै उत्साहजनक रुपमा बृद्धि भएको छ । हालसम्म यस बैंकको वित्तीय स्थिती व्यवस्थापनको योजना अनुरुप नै रहेको छ । यसको प्रमुख कारण सदस्य तथा कारोवारमा भएको बृद्धिका कारणले प्राप्त भएको ब्याज आम्दानी एवं ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रदान गरेका कारण खराव कर्जा अत्यन्तै न्युन हुनु आदि रहेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस बैकले आफ्ना १०५ वटा शाखाहरु मार्फत गुणस्तरीय सेवा प्रदान गर्दै आईरहेको छ । नयाँ क्षेत्रमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका जिल्लाहरुलाइ प्राथमिकतामा राखिएकोछ । यसै त्रैमासको अन्त्यसम्ममा बैंकले निम्नानुसारका मुख्य शिर्षकहरुमा राखेका लक्ष्य एवं प्राप्त भएका प्रगतीका विवरणहरु निम्नानुसार रहेका छन । लघुवित्तमा कर्जा र तथा निक्षेपको अनुपात बढि हुदाँ बैंक एव सदस्य दुबैको भविष्य सुनिश्चित हुने भएकोले यस बैंकले विगत देखि नै बचत तथा निक्षेप संकलनमा जोड दिँदै आएको छ ।

| विवरण | समिक्षा त्रयमासको अन्त्यसम्मको | | चालु आ.व.को अन्त्यसम्म राखिएको लक्ष |
|---|---|---|---|
| | लक्ष्य | प्रगति | |
| कुल सदस्य संख्या | २८३८४१ | २९४००३ | ३११७३७ |
| लगानीमा रहेको कुल ऋण | १०८१३९३३५८१ | १०५६१००२०७८ | १२५८७१२२१५० |
| कुल बचत तथा निक्षप | ७५०२०१२९९८ | ७३७८२४४००७ | ९३७०२५८८०५ |

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : विगतको अनुभवबाट सदस्यहरुले बैक प्रति देखाएको विश्वास एवं बैंकले लागु गरेका सेवामुखी सुविधाहरु लिन सदस्यहरुमा देखिएको उत्साहले गर्दा व्यवशाय बृद्धि गर्न बैंक सफल भएको छ । यसले गर्दा आगामी अवधिमा बैंकको आम्दानीमा बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । विगतको अनुभव तथा वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा देशमा भई रहने आन्दोलन, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपनां आदी कारणले बैंकलाई असर पर्न सक्छ, । तथापी बैंकले तय गरेको कुशल कार्य नीति तथा व्यवस्थापन, ग्राहक संरक्षण नीति तथा कोषको व्यवस्था, बैंकको निक्षेप मौज्दात, आम्दानी तथा तरलता सन्तोषजनक रहेको छ । बैंकले भविष्यमा पनि तात्विक रुपमा नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियमको तर्जुमा गरी अघि बढ्ने नीति लिएको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) गत त्रैमासिक अवधिमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. विकास बैंकको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

(क) शेयर कारोवार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस बैंकको शेयरको कारोवार दोस्रो बजारमा सकारात्मक रहेको छ । लगानी कर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा बैंकको व्यवशायिक अभिबृद्धि सँगै कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख भएको छ र भविष्यमा पनि हुने अपेक्षा गरिएको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लि.को वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस बैंकको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कूल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २३१५ | १८१० | १८८२ | ५५ | १८५०९४ |

**५. समस्या तथा चुनौती :**

(क) देशको अस्थिर आर्थिक तथा राजनीतिक अवस्था, मुल्य वृद्धि, मौद्रिक तथा वित्तीय नीति लगायत अप्रत्याशित रुपमा हुने नीतिगत परिर्वतन एवं निर्देशनबाट समस्या श्रृजना हुनसक्ने,

(ख) लघुवित्तको कारोवार गर्ने यस बैंकलाई पनि अन्य वाणिज्य बैंकहरु सरह आयकरको दायरामा राख्दा थप विपन्न परिवारलाई सोचे अनुरुप सेवा पुर्‍याउन सकिएको छैन ।

(ग) अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक दैवि विपत्तिबाट सृजना हुने परिस्थितीबाट हुनसक्ने चुनौती ।

(घ) त्यसैगरी यस क्षेत्रमा देखिएको बढ्दो अस्वस्थ प्रतिस्पर्धा चुनौतिपूर्ण रहेको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि बैंक सदैव प्रतिबद्ध रहेको छ । संस्थागत सुशासनमा विषेश ध्यान दिदैं बैंकले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ :

(क) यस बैंकको संचालक समिति तथा व्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्वर्द्धन गर्न बैंक सदैव प्रतिबद्ध रहेको छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानुन र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जुमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि बैंकको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा लगानी तथा असुली निर्देशिका, लेखा परिक्षण निर्देशिका, बचत तथा कोष परिचालन निर्देशिका, ग्राहक संरक्षण कार्यविधी एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु बनाई पालना गरिएको छ ।

(ग) बैंकले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, केन्द्रीय सहयोगी समिति, केन्द्रीय कर्जा असुली समिति, कर्जा अपलेखन उपसमिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गरेको छ ।

(घ) यस बैंकले प्राकृतिक दैवि विपत्तीबाट पर्न सक्ने असरलाई कम गर्न २०६५ साल देखी नै पुर्णक्षेति विपत्ती कोषको व्यवस्था गरेकोले गत २०७२ साल वैसाख १२ गते देशमा गएको महा भुकम्पले असर गरेका सदस्यहरुलाई सोही कोषबाट सहयोग गरिएको र उक्त महा भुकम्पबाट प्रभावित सदस्यहरुलाई तत्काल विनाधितो घरनिर्माण कर्जा समेत उपलब्ध गराएकाले यसबाट बैंकलाई कुनै तात्विक असर परेन । त्यसैगरी विगतमा देखिएको बन्द हड्ताल, इन्धन अभावका कारण प्रभावीत क्षेत्रका केही शाखाका सदस्यहरुलाई असर परेकाले ति सदस्यहरुको इच्छा अनुसार थप सुविधाको व्यवस्था गरिएको हुँदा त्यसबाट पनि कर्जाको गुणस्तरमा नकारात्मक असर नपर्ने गरि व्यवस्थापन गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।